## उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय मातहत सबै विभागहरु / निकाय /समिति/कम्पनीहरु तथा कार्यालयहरुलाई अत्यन्त जरुरी सूचना ।

१. नेपाल सरकार (मं.प.) को मिति २०७७/०४/०५ को निर्णयानुसार मिति २०७७।०४।०७ देखि Lockdown समाप्त भएको निर्णय भएकाले सोही बमोजिम कार्यालय संचालनमा समयपालना, नियमितता, मितव्ययिता अपनाई सेवा प्रवाह चुस्त दुरुस्त बनाउने ।

२. नेपाल सरकार (मं.प.) को मिति २०७७/०४/०५ को निर्णयानुसार मिति २०७७।०४।०७ देखि Lockdown समाप्त भएको निर्णय भएसंगै स्वास्थ्य संवेदनशिलता तथा सुरक्षामा उत्तिकै सचेत रहन आवश्यक भएकाले आ-आफ्नो निवास, कार्यालय आवागमन तथा कार्यस्थलमा सुरक्षा सतर्कता अपनाउने ।

३. कार्यालय संचालनमा यस अघि अपनाइएको बिहान र दिउँसोको सिफ्ट संचालन खारेज भएकाले सदा झै नियमित बिहान १०.०० बजे देखि सांझ ५.०० बजेसम्म कार्यालय संचालन गर्ने तथा यसै बमोजिमको समयपालना तथा नियमितता अपनाउने ।

४.आ.व. २०७६/०७७ को अवधि समाप्त भएको र आ.व. २०७७/०७८ शुरु भएकाले गत आ.व. मा आफुले गरेको कार्यको कार्यसम्पादन मूल्याङ्कन फाराम भरी मिति २०७७ श्रावण ७ गते भित्र कार्यालयमा दर्ता गरी सुपरिवेक्षकलाई बुझाउने ।

५. आ.व. २०७६/०७७ मा भए गरेको कार्यको सन्दर्भमा कार्यसम्पादन सम्झौता भएको भए सम्झौताको प्रगति प्रतिवेदन २०७७ श्रावण १० गते भित्र आफ्नो सुपरिवेक्षक समक्ष पेश गर्ने ।

सह-सचिव

६. मन्त्रालयको महाशाखा प्रमुख, शाखा प्रमुख मातहत निकायका विभागीय प्रमुख, महानिर्देशक तथा उपमहानिर्देशक, शाखा प्रमुखहरु, कम्पनी, बोर्ड, समितिका प्रमुख कार्यकारी लगायत तत् तत् निकायका महाशाखा प्रमुख र शाखा प्रमुखहरुले आ.व. २०७७/०७८ को लागि कार्यसम्पादन सम्झौताका लागि वार्षिक स्वीकृत कार्यक्रम, लक्ष्य, Milestone, बजेटमा घोषणा गरिएका विषय, आफ्नो जिम्मेवारी समेतलाई मध्यनजर गरी कार्यसम्पादन सम्झौताको खाका तयार गरी २०७७ श्रावण १५ भित्र सुपरिवेक्षक समक्ष पेश गर्ने ।

७. मन्त्रालय तथा मातहत सबै विभागहरु, प्राधिकरण, बोर्ड, केन्द्र, कम्पनीहरु, समिति, संचालक समितिका पदाधिकारीहरु, विभाग अन्तर्गतका सबै आयोजना तथा कार्यालयका स्थायी, अस्थायी र करार सबै दरबन्दीमा रहेका कर्मचारीहरुले आ.व. २०७६/०७७ को व्यक्तिगत सम्पत्ति विवरण कानून बमोजिमको मिति भित्र तोकिएको ढांचामा भरी राष्ट्रिय किताबखाना तथा मन्त्रालयमा पेश गर्ने तथा गर्न लगाउने ।

८. मन्त्रालय मातहत सबै निकायले सूचनाको हक सम्बन्धी ऐन, २०६४ को प्रावधान अनुसार आ.व. २०७६/०७७ को तेस्रो चौमासिक प्रगति प्रतिवेदन मिति २०७७ श्रावण १५ भित्र आ-आफ्नो Website मा सार्वजनिक गर्ने तथा यस मन्त्रालयमा समेत पेश गर्ने ।

सह-सचिव